# पालपा जिल्ला अदालत

## तानसेन, पाल्पा

तहसिल शाखा

च.नः ४१६२ देवानी लगत नं. ४७/०८२-०८३ मिति २०८३।०३।०३

प.सः ०८२/०८३

विषयः लिलाम सुचना टाँस गरी सोको जानकारी पठाईदिने सम्बन्धमा।

श्री जिल्ला प्रशासन कार्यालय, तानसेन, पाल्पा।

श्री भूमि प्रशासन कार्यालय, तानसेन, पाल्पा।

श्री बगनासकाली गाउँपालिका ~~नम्बर~~ गाउँ कार्यपालिकाको कार्यालय, पाल्पा।

उपरोक्त सम्बन्धमा वादी सुवाश कक्षपति समेत र प्रतिवादी पुर्सुराम राना भएको लेनदेन (मुद्दा नं. ०८१-CP-०३८९)मुद्दाको विगो भराई पाउँ दरखास्तमा पाल्पा जिल्ला अदालतको मिति २०८२।०५।१५ गतेको फैसला बमोजिम प्रतिवादीले वादीलाई फैसला बमोजिम भराई दिने ठहरेको विगो रकम भराई नदिएकाले मुलुकी देवानी कार्यविधि नियमावली, २०७५ को नियम ५७ बमोजिम वादीले देखाएको जेथा यस अदालतमा मिति २०८३/०४/२० गते पहिलो पटक डाँक लिलाम बढाबढ हुने भएकोले सर्वसाधारणका लागि जारी भएको लिलाम सूचना यसै पत्रसाथ पठाईएको छ। अतः पत्र प्राप्त हुनासाथ सर्वसाधारणका निमित्त जारी भएको लिलाम सूचना त्यस कार्यालयको सुचना पाटीमा टाँस गरी सोको जानकारी यस अदालतमा पठाईदिनुहुन अनुरोध छ।

२०८३/३/३

रामप्रसाद पोखेल

तहसिलदार (शाखा अधिकृत)

श्री सुचना प्रविधि अधिकृत

शाखा अधिकृत

बगनासकाली गाउँपालिका

चिर्तुङ्गधारा, पाल्पा

दर्ता नं. : २९६०

मिति : २०८३/०३/०५

पाल्पा जिल्ला अदालत

लिलाम बढाबढको सूचना

दे.ल.नं ४७/०८१-०८२

उप्रान्त वादी यज्ञ प्रसादको नाति, राजेन्द्र प्रसादको छोरा, पाल्पा जिल्ला, तानसेन नगरपालिका, वडा नं. ४ बस्ने वर्ष ३३ को सुवास कक्षपति समेत र प्रतिवादी दान बहादुरको नाति, बिष्णु बहादुरको छोरा, पाल्पा जिल्ला, साबिक तानसेन नगरपालिका, वडा नं. ११ को हाल परिवर्तित ऐ. वडा नं. ७ बस्ने श्री सालिना रियलस्टेट क. प्रा.लि.तानसेन नगरपालिका, वडा नं. ३ का प्रो. वर्ष ४१ को पर्सुराम राना भएको लेनदेन (मुद्दा नं. ०८१-CP-०३८९) मुद्दाको विगो भराई पाउँ दरखास्तमा पाल्पा जिल्ला अदालतको मिति २०८२/०५/१५ को फैसला बमोजिम प्रतिवादीले वादीलाई बुझाउनुपर्ने सावाँ रकम रु.२०,००,०००/-(अक्षरुपी बीस लाख रुपैयाँ मात्र) र सोको लिखत मिति २०७१/११/१७ गतेदेखि भरी भराउ हुँदाको मितिसम्मको कानून बमोजिमको वार्षिक सयकडा १० प्रतिशतका दरले हुने ब्याज तथा अदालती शुल्कसमेत वादीलाई नबुझाएको तथा सो रकम अदालतमा दाखिल गर्न समेत नल्याएको हुँदा वादीहरुले फैसला अनुसार प्रतिवादीबाट भरिपाउने ठहरेको विगो रकम तपसिल बमोजिमको सम्पत्तिबाट विगो भराई पाउँ भनी वादीहरुले जायजेथा पेश गरेकोमा फैसला कार्यान्वयनको सिलसिलामा मिति २०८३/०१/२९ मा जायजात तायदात भई मिति २०८३/०२/२९ मा भएको पञ्चकिर्ती मुल्याङ्कन बमोजिम तपसिलको जायजेथाको मिति २०८३/०४/२० गते यस अदालतमा प्रथम पटक डाँक बढाबढ लिलाम हुने भएकोले डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको जानकारी निमित्त यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

- यस अदालतको तहसिल शाखामा मिति २०८३/०४/२० गते दिनको १०:०० बजेदेखि ०२:०० बजेसम्म डाँक लिलाम बढाबढ हुने भएकोले उक्त डाँक लिलाममा उपस्थित भई बोलकबोल गर्न सकिनेछ।
- डाँक लिलाम गर्न तोकिएको दिन सार्वजनिक विदा परे भोलिपल्ट डाँक लिलाम हुनेछ ।
- कायम भएको न्यूनतम पञ्चकिर्ती मूल्यबाट डाँक बढाबढ गर्नुपर्नेछ।
- डाक लिलामको बखत बोलकबोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिला गर्नुपर्नेछ। बाँकी बोलकबोल रकम डाक लिलाम भएका मितिले ७ दिनभित्र दाखिल गर्नुपर्नेछ। त्यसरी सात दिन भित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिला भएको १०% रकम जफत गरी पुन: डाक लिलामको सुचना प्रकाशित गरिनेछ।
- डाक लिलाम बढाबढ हुँदा सबै भन्दा बढि अंक बोलकबोल गर्नेलाई डाक लिलाम सकार गराईने छ।
- डाक लिलाम सम्बन्धमा बुझ्नु पर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नुहोला।
- डाक लिलाम हुने सम्पत्तिको विवरण यस प्रकार छ ।

- तपसिल

| सि.नं | जिल्ला | गा.वि.स | वडा नं. | कि.नं. | क्षेत्रफल | दर्तावाला | डाँक बोल्नुपर्ने न्युनतम मुल्य प्रति रोपनी |
|---|---|---|---|---|---|---|---|
| १ | पाल्पा | चिर्तुङधारा | ७ | ६२५ | १४-०-३-१ | सलिना रियल स्टेट कम्पनी-प्रा.लि. | रु.१,००,०००।– (अक्षरुपी एक लाख रुपैया मात्र) |
| २ | पाल्पा | चिर्तुङधारा | ७ | ६२७ | ६-५-३-२ | | रु.८०,०००।– (अक्षरुपी असी हजार रुपैया मात्र) |

२०८३।३।६

रामप्रसाद पोखेल

तहसिलदार (शाखा अधिकृत)